Sanima Life Insurance

मिति २०७९/०२/३१

च. नं.: १००४|२०७८|०७९

श्री नेपाल स्टक एक्सचेन्ज लिमिटेड
सिंहदरबार प्लाजा, काठमाण्डौं ।

**विषय : चौथो वार्षिक साधारण सभा सम्बन्धमा ।**

महोदय,

उपरोक्त सम्बन्धमा यस कम्पनीको मिति २०७९।०२।२५ मा बसेको सञ्चालक समितिको ७५ औं बैठकको निर्णय बमोजिम आ.व.२०७६/०७७ को चौथौं वार्षिक साधारण सभा मिति २०७९।०३।२० मा स्मार्ट दरबार बैंक्वेट, धुम्बाराही, काठमाण्डौंमा बिहान १०:०० बजेबाट हुन गइ रहेको व्यहोरा तहाँको जानकारीको लागि अवगत गराउँदछौं ।

साथै लाभाशं बापत बोनस शेयर वितरण प्रयोजनको लागि कम्पनीको शेयरधनी दर्ता पुस्तिका मिति २०७९ आषाढ ०८ गते (एक दिन) बन्द गरिने समेत जानकारी गराइन्छ । मिति २०७९।०२।३० मा राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित चौथौं वार्षिक साधारण सभा सम्बन्धी सूचनाको नमुनामा भएको भुल सुधार गरी यसै पत्रसाथ संलग्न गरिएको व्यहोरा आवश्यक कार्यार्थ अवगत गराउँदछौं ।

भवदीय,

प्रिती श्रेष्ठ
कम्पनी सचिव

Sanima Life Insurance Ltd., Kamaladi, Kathmandu | P.O. Box: 768 | Hunting Line: +977-1-4438886
Phone No.: +977-1-4420364, 4430686 | Fax No.: +977-1-4428275 | E-mail: sanima@sanimalife.com | www.sanimalife.com

**सानिमा लाईफ इन्स्योरेन्स लिमिटेडका शेयरधनी महानुभावहरुलाई**
**चौथो वार्षिक साधारण सभा सम्बन्धी सुचना**
**( प्रथम पटक सूचना प्रकाशित मिति : २०७९।०२।३० गते )**

आदरणिय शेयरधनी महानुभावहरु,

यस सानिमा लाईफ इन्स्योरेन्स लिमिटेडको सञ्चालक समितिको मिति २०७९।०२।२५ गते (तदनुसार ८ जुन २०२२) मा बसेको ७५ औं बैठकको निर्णयानुसार कम्पनीको चौथो वार्षिक साधारण सभा निम्न मिति, स्थान र समयमा निम्न विषयहरु उपर छलफल तथा निर्णय गर्नको लागि बस्ने भएको हुँदा कम्पनी ऐन, २०६३ को दफा ६७ (२) बमोजिम सम्पूर्ण शेयरधनी महानुभावहरुको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । सम्बन्धित शेयरधनी महानुभावहरुलाई आफू स्वयम वा रीतपूर्वक प्रतिनिधि वा अनलाईन माध्यम मार्फत उपस्थितिको लागि अनुरोध गर्दछौं ।

**सभा हुने मिति, स्थान र समय :**

मिति : २०७९।०३।२० (तदनुसार ४ जुलाई, २०२२)

स्थान : स्मार्ट दरबार ब्याङ्क्वेट, धुम्बाराही, काठमाण्डौं (Meeting ID/Password ईमेल मार्फत उपलब्ध गराइनेछ ।)

समय : बिहान १०:०० बजे

**छलफलका विषयहरु :**

**क. सामान्य प्रस्तावहरु :**

१. सञ्चालक समितिको तर्फबाट अध्यक्षज्यूले प्रस्तुत गर्नु हुने आ.व. २०७६/०७७ वार्षिक प्रतिवेदन सम्बन्धमा ।
२. आ.व. २०७६/०७७ को लेखा परिक्षण प्रतिवेदन, वासलात, नाफा नोक्सान हिसाब तथा नगद प्रवाह विवरण र तत् सम्बन्धि अनुसूचि तथा NFRS प्रणाली लागू गरि तयार गरिएको वित्तिय विवरण माथि छलफल गरी पारित गर्ने सम्बन्धमा ।
३. आ.व. ०७७।०७८ को लागि लेखापरीक्षकको नियुक्ती तथा निजको पारिश्रमिक निर्धारण गर्ने सम्बन्धमा ।
४. सञ्चालक समितिमा सर्वसाधारण शेयरधनी समूह (ख) बाट प्रतिनिधीत्व गर्ने दुई (२) जना सञ्चालकको निर्वाचन गर्ने सम्बन्धमा ।

**ख. विशेष प्रस्तावहरु :**

१. कम्पनीको अधिकृत तथा चुक्ता पूँजी वृद्धि गर्ने सम्बन्धमा ।
२. लाभांश बापत हाल कायम रहेको चुक्ता पूँजीको ४.४२ प्रतिशत लाभांश (कर सहित) जम्मा रु. ८८,४२१,०५३।- बापत बोनस शेयर (४.२ प्रतिशत बापत रु. ८४,०००,०००।- र उक्त बोनस शेयरमा लाग्ने ०.२२ प्रतिशत कर बापत रु. ४,४२१,०५३।-) वितरण गर्ने सम्बन्धमा ।
३. कम्पनीको प्रबन्धपत्रमा पूँजी वृद्धि एवं अन्य व्यवस्थाहरु समेत समावेश गरी प्रबन्धपत्र तथा नियमावलीमा आवश्यक संशोधन गर्ने सम्बन्धमा ।
४. कम्पनीको प्रबन्धपत्र तथा नियमावलीको प्रस्तावित संशोधनमा नियमनकारी निकायले कुनै फेरबदल वा संशोधन गर्न निर्देशन दिएमा सो फेरबदल वा संशोधन गर्ने अख्तियारी संचालक समितिलाई प्रदान गर्ने सम्बन्धमा ।
५. यस कम्पनीले पूँजी वृद्धिको आवश्यकतालाई दृष्टिगत गरी अन्य कुनै जीवन बीमा कम्पनीसँग एक आपसमा गाभिने प्रयोजनको लागि उपयुक्त जीवन बीमा कम्पनीको पहिचान र छनौट गर्ने, समझदारीपत्रमा हस्ताक्षर गर्ने, सोको आधारमा सैद्धान्तिक स्वीकृतिको लागि बीमा समिति समक्ष निवेदन दिने, आवश्यकता अनुसार सम्पत्ति तथा दायित्वहरुको मूल्याङ्कन गर्न परामर्शदाता, मूल्याङ्कनकर्ता तथा लेखापरिक्षकहरु नियुक्त गर्ने, निजहरुको पारिश्रमिक तोक्ने तथा एक-आपसमा गाभिने सँग सम्बन्धित प्रचलित नियम कानून तथा निर्देशनहरु बमोजिम अपनाउनु पर्ने तथा गर्नुपर्ने सम्पूर्ण आवश्यक कार्य, प्रकृयाहरु पुरा गरी अख्तियार प्राप्त निकायबाट अन्तिम स्वीकृति लिने तथा सो सन्दर्भमा नियामक निकायहरुले निर्देशन गरे बमोजिम विवरण उपलब्ध गराउने लगायतका कार्य गर्न गराउन सञ्चालक समितिलाई पूर्ण अख्तियारी दिने सम्बन्धमा ।

**ग. विविध ।**

संचालक समितिको आज्ञाले,

प्रिती श्रेष्ठ
कम्पनी सचिव

पुनश्च : सभामा छलफल गरिने सञ्चालक समितिको वार्षिक प्रतिवेदन, लेखापरीक्षकको प्रतिवेदन सहित वासलात, नाफा नोक्सान हिसाब र सो सँग सम्बन्धित अनुसूचीहरु समेतको पुस्तिका कम्पनीको रजिष्टर्ड कार्यालय, कमलादी, काठमाण्डौ र साधारण सभाको दिनमा सभा स्थलमा उपलब्ध गराईनेछ । अन्य थप जानकारीको लागि कम्पनीको रजिष्टर्ड कार्यालयमा सम्पर्क गर्नु होला ।

**द्रष्टव्य**

१. सभामा उपस्थित हुने शेयरधनी महानुभावहरुले सभाहलमा प्रवेशको लागि हितग्राही नं खुल्ने आधिकारीक विवरण वा प्रकाशित प्रवेशपत्र वा आफ्नो कुनै आधिकारीक परिचयपत्र साथमा लिई आउनु हुन अनुरोध छ ।

२. सभामा भाग लिन प्रत्येक शेयरधनी महानुभावहरुले सभा हुने स्थानमा उपस्थित भई सभास्थलमा रहेको हाजिरी पुस्तिकामा दस्तखत गर्नु पर्नेछ । हाजिरी पुस्तिका ९:०० बजे देखि १०:०० बजेसम्म खुल्ला रहनेछ । साथै कम्पनीका शेयरधनी महानुभावहरुले यस सभामा अनलाइन माध्यमबाट सहभागिता जनाउन सक्नु हुनेछ । अनलाईन माध्यमबाट उपस्थित हुने शेयरधनीहरुको हाजिरी ९:०० बजेबाट १०:०० बजेसम्म भर्चुअल माध्यमबाट खुल्ला गरिनेछ र १० बजे पश्चात आफुलाई कम्पनीले उपलब्ध गराएको ID/Passcode को माध्यमबाट Zoom Login गरी आफ्नो परिचयपत्र सहित उपस्थितिको जानकारी सभालाई दिनु पर्नेछ । शेयरधनीको उपस्थितीबाट प्रचलित ऐनको व्यवस्था बमोजिम सभाका लागि आवश्यक गणपुरक संख्या पुरा भएपश्चात सभाको कारवाही अगाडी बढाइने छ ।

३. साधारण सभा एवम् सोमा प्रस्तावित लाभाशं (बोनस शेयर) को प्रयोजनार्थ कम्पनीको शेयरधनी दर्ता पुस्तिका मिति २०७९ आषाढ ०८ गते (एक दिन) बन्द गरिनेछ । उक्त मिति अगावै नेपाल स्टक एक्सचेन्ज लिमिटेडमा कारोबार भई कायम भएका शेयरधनीहरुले मात्र साधारण सभामा भाग लिन, मतदान गर्न र बोनस शेयर प्राप्त गर्न सक्नेछन् ।

४. सञ्चालक पदमा उम्मेदवार हुन चाहने शेयरधनीले आफ्नो नाममा कम्तिमा १०० कित्ता शेयर लिएको हुनु पर्नेछ ।

५. साधारण सभामा भाग लिनको लागि प्रतिनिधि (प्रोक्सी) नियुक्त गर्न चाहने सम्बन्धित शेयरधनीले निजको सम्पूर्ण शेयरको प्रतिनिधि एकै व्यक्ति (विभाजन नहुने गरी) रहने गरी प्रतिनिधिपत्र (प्रोक्सी फाराम) भरी कम्तिमा ४८ घण्टा अगावै कम्पनीको रजिष्टर्ड कार्यालय, कमलादी, काठमाण्डौंमा दर्ता गराई सक्नु पर्नेछ । यसरी प्रतिनिधि (प्रोक्सी) नियुक्त गरिएको व्यक्ति कम्पनीको शेयरधनी हुनु आवश्यक छ ।

६. शेयरधनी महानुभावहरुलाई शेयरधनीको दर्ता किताबमा कायम रहेको ठेगानामा वार्षिक प्रतिवेदन पुस्तिका पठाइने छ ।

७. एकै शेयरधनीले एक भन्दा बढी प्रतिनिधि (प्रोक्सी) नियुक्त गर्नु भएको अवस्थामा पहिलो दर्ता हुने प्रोक्सी मान्य हुनेछ । त्यसपछि आउने प्रतिनिधि (प्रोक्सी) व्यवस्था स्वतः बदर वा अमान्य हुनेछ ।

८. संयुक्त रुपमा शेयर खरिद गरिएको अवस्थामा शेयर लगत किताबमा पहिले नाम उल्लेख भएको व्यक्ति अथवा सर्वसम्मतीबाट प्रतिनिधि नियुक्त गरिएको एक व्यक्तिले मात्र सभामा भाग लिन र मतदान गर्न पाउनेछन् ।

९. सभामा भाग लिन प्रतिनिधि (प्रोक्सी) नियुक्त गरिसकेपछि सम्बन्धित शेयरधनी स्वयम सभामा उपस्थित हुन आएमा शेयरधनीले गरिदिएको प्रतिनिधि (प्रोक्सी) स्वतः बदर हुनेछ ।

१०. कुनै संगठित संस्था वा कम्पनीबाट शेयर खरिद गर्नेहरुको लागि सम्बन्धीत संस्थाको सञ्चालक वा कार्यकारी प्रमुखको हकमा संस्थाको अध्यक्ष र अन्य पदाधिकारी वा कर्मचारीको हकमा कार्यकारी प्रमुखले दस्तखत (सहीछाप) गरी मनोनित गरेको प्रतिनिधिले शेयरवालाको हैसियतले सभामा भाग लिन पाउने छन् ।

११. साधारण सभामा भाग लिन प्रतिनिधि नियुक्त गरिसकेपछि शेयरधनीहरुले प्रतिनिधि फेरबदल गर्न चाहेमा कम्तिमा २४ घण्टा अगावै सोको सूचना कम्पनीको रजिष्टर्ड कार्यालय, कमलादी, काठमाण्डौंमा दर्ता गराई सक्नु पर्नेछ ।

१२. शेयरधनीहरुले व्यक्त गरेको मन्तव्य वा प्रश्नहरुको सम्बन्धमा सञ्चालक समितिको तर्फबाट सञ्चालकहरुले सामुहिक रुपमा अथवा अध्यक्षज्यूले तोकेको आधिकारीक व्यक्तिबाट उत्तर दिइनेछ ।

१३. कोभिड १९ को कारण पर्न सक्ने सम्भावित असर तथा जोखिमलाई मध्यनजर गरी नेपाल सरकारले पालना गर्नु पर्ने भनि तोकिएको सम्पूर्ण सुरक्षात्मक उपायहरु अवलम्बन गरी सभा सञ्चालनको प्रबन्ध मिलाइएको छ ।

१४. छलफलका विषय र सूची मध्ये विविध शिर्षक अन्तर्गत छलफल गर्न इच्छुक शेयरधनीले सभा हनु भन्दा ७ (सात) दिन अगावै छलफलको विषय कम्पनी सचिव मार्फत संचालक समितिको अध्यक्षलाइ लिखित रुपमा दिनुपर्नेछ ।

१५. थप जानकारीको लागि कम्पनीको कर्पोरेट कार्यालय कमलादीमा कार्यालय प्रवेश दिन कार्यालय समयभित्र सम्पर्क राख्नु हुन अनुरोध गर्दछौं ।

नोट :

१. साधारण सभासँग सम्बन्धित छलफलका विषयहरु कम्पनीको वेबसाइट www.sanimalife.com मा पनि राखिएको हुँदा त्यँहाबाट समेत हेर्न सकिने व्यहोरा जानकारी गराउँदछौं ।

२. निर्वाचन सम्बन्धि सम्पूर्ण थप जानकारी कम्पनीको रजिष्टर्ड कार्यालयको सूचना पाटीमा टाँस गरिनेछ ।

३. थप जानकारीको लागि कम्पनीको रजिष्टर्ड कार्यालय, कमलादी, काठमाण्डौं (टेलिफोन नं ०१-४४३८८८६) मा सम्पर्क राख्न समेत अनुरोध गरिन्छ ।